मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल ।

## अन्तर्राष्ट्रिय महिला दिवसको शुभकामना सन्देश

विश्वव्यापी रुपमा मनाईदै गरेको ११५ औं अन्तर्राष्ट्रिय महिला दिवसको शुभ अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीवहिनी, महिला अधिकारकर्मी लगायत महिलाको हक, अधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा क्रियाशील रहनुहुने सबैमा सुख, शान्ति एवम् समृद्धिको लागि शुभकामना व्यक्त गर्दछु।

महिला अधिकार तथा लैङ्गिक समानता प्राप्तिका लागि हरेक वर्षको आठ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउने गरिएको छ । यस वर्ष अन्तर्राष्ट्रिय महिला दिवसको लागि संयुक्त राष्ट्र संघवाट निर्धारण गरिएको "For All Women and Girls : Right, Equality and Empowerment" ( सबै महिला तथा वालिकाको लागि : अधिकार, समानता र सशक्तिकरण ) भन्ने नाराका साथ हामीले पनि यो दिवस मनाइरहेका छौं।

विश्वभरि विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धि स्मरण गर्दै महिलाहरूको प्रविधिमा पहुँचको विस्तार गर्ने, महिला सशक्तिकरण अभिवृद्धि गर्ने, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूलन गर्ने र महिलालाई शिक्षित र आत्मनिर्भर बनाउने एवम् उचित सम्मान गर्ने लगायतका उद्देश्य सहित अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आइएको छ। नेपालको संविधानले अवलम्बन गरेको समानुपातिक समावेशी सिद्धान्त राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा महिलाको अर्थपूर्ण प्रतिनिधित्व र नेतृत्व स्थापित गर्न कोशेढुङ्गा सावित भएको छ ।

परम्पराका नाममा समाजमा रहेका खराव अभ्यास, आचारण, कुरिति एवम् प्रथाको कारण किशोरी तथा वालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटनाहरुलाई निर्मूल गर्न थप प्रभावकारी एवम् सिर्जनात्मक कार्यक्रमहरु आयोजना गर्ने कार्यमा सुदूरपश्चिम प्रदेश सरकारले पनि महत्वपूर्ण कदमहरु चाल्दै आएको छ। जनसंख्याको आधा हिस्सा ओगटेका महिला सशक्तिकरण मार्फत सिङ्गो परिवार, समाज र समग्र राष्ट्र नै समृद्धिको मार्गमा अगाडि वढ्ने हुदाँ सरोकारवाला यसतर्फ विशेष ध्यान पुऱ्याउन अत्यावश्यक भएको छ। अन्तर्राष्ट्रिय महिला दिवसको पावन अवसरमा महिला विरूद्ध हुने सवै प्रकारका हिंसा, विभेद र उत्पीडनको अन्त्य गर्ने काममा आ-आफ्नो क्षेत्रवाट योगदान गर्न सम्वन्धित सबैलाई आव्हान गर्दछु ।

अन्त्यमा, अन्तर्राष्ट्रिय महिला दिवसले हामी सबैलाई महिलाहरूको हक, अधिकार, समानता, सशक्तिकरण तथा सम्मानप्रति पूर्ण संवेदनशील भई कार्य गर्न थप उर्जा ,उत्साह एवम् प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

२०८१ फागुन २४ गते शनिवार ।

(कमल बहादुर शाह)
मुख्यमन्त्री